जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np

पत्र संख्या: ०८०।०८१
च नं: १८५३

सूचना नं. : २६/२०८०-८१

सूचना प्रकाशन मिति : २०८१/०३/२५

**विषय: स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ बमोजिम तह कायम, तहवृद्धि र स्तरवृद्धि गर्ने सम्बन्धी सुचना ।**

गण्डकी प्रदेशबाट जारी गरिएको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ९, २७ र ३९ मा भएको क्रमशः तह कायम/तह वृद्धि र स्तर वृद्धिको व्यवस्था बमोजिम तपशिलका उल्लेखित सर्तहरु पुरा भएका स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले जैमिनी नगरपालिकाको वेवसाइट https://jaiminimun.gov.np मा राखिएको तह कायम/तह वृद्धि र स्तर वृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लेखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत कार्यालयको कार्यलिय प्रमुख वा निजले तोकेको कम्तिमा नवौं तहको अधिकृत कर्मचारीबाट प्रमाणित गराई दुई प्रति तयार गरी मिति २०८१/०४/१० गते भित्र यस कार्यालयको प्रशासन शाखामा बुझाउनु हुन सूचीत गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई तह कायम/तह वृद्धि र स्तर वृद्धि प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

(१) स्थानीय सेवाका स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा:

- सहायकस्तर पाँचौ, अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तह कायम/तह वृद्धि र स्तर वृद्धिको लागि क्रमशः सहायकस्तर चौथो, सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अविधि पूरा भएको हुनुपर्नेछ ।
- सहायकस्तर पाँचौ,अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तह कायम/तह वृद्धि र स्तर वृद्धिको लागि क्रमशः सहायकस्तर चौथो, सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदको पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तिमा पन्चानब्बे वा सो भन्दा वदी प्रतिशत औषत अंक प्राप्त गरेको हुनुपर्नेछ ।
- स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ९,२७ र ३९ बमोजिम तह कायम/तह वृद्धि र स्तर वृद्धिको लागि तोकिएको आवश्यक कागजातहरु हुनुपर्नेछ ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
गण्डकी प्रदेश, नेपाल
फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np

पत्र सं: ०८०।०८१
च नं: १८५३

२ स्थानीय तह स्वास्थ्य सेवाका देहायका तहमा देहाय बमोजिम तहवृद्धि गरिनेछ :

| क स | हालको तह | वृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नुपर्ने अवधि | पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा प्राप्त गर्नुपर्ने अङ्क |
|---|---|---|---|---|
| १ | चौथो | पाँचौ | पाँचौ बर्ष | कम्तीमा उत्तम |
| २ | पाँचौ (क) शुरु नियुक्ति भएका वा पाँचौ तहमा तहवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका | छैटौं | पाँच वर्ष | कम्तीमा उत्तम |
| | पाँचौ (ख) पाँचौ तहमा तहवृद्धि भएका मध्ये सो तहका लागि न्युनतम शैक्षिक योग्यता नभएका | छैटौं | आठ बर्ष | कम्तीमा उत्तम |
| ३ | छैटौं (पाँचौ तहमा शुरु नियुक्ति भई छैटौं तहमा तहवृद्धि भएका) | सातौं | आठ बर्ष | कम्तीमा उत्तम |
| ४ | सातौं (सातौं तहमा शुरु नियुक्ति भएका) | आठौं | पाँच बर्ष | कम्तीमा उत्तम |
| ५ | नवौं | दशौं | पाँच बर्ष | कम्तीमा उत्तम |

तीर बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np

# जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: ०८०।०८१
च नं: १८४३

३ **स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा:**

- स्थानीय सेवा (गठन तथा संचालन) ऐनको दफा २७ को उपदफ़ा (३) बमोजिम संघीय कानून (स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५] बमोजिमको सेवा, शर्त र अवधि पूरा भएको हुनुपर्नेछ ।
- स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिमको स्तरवृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न गर्नुपर्ने ।
- स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिम नकरात्मक सूचीमा नपरेको हुनुपर्नेछ ।
- स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची- ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको कार्यालय प्रमुखबाट प्रमाणित सिफारिस पत्र ।**(साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधि खुल्ने कागजातहरु:- कामकाज गर्न खटाइएको पत्र, रमाना पत्र र हाजिर भएको जानकारीको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ)***
- साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम जैमिनी नगरपालिकामा समायोजन भएका कर्मचारीहरुले मात्र दरखास्त पेश गर्नुपर्नेछ ।

४ **स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनु पर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरण :**

- आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ
- शुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी ।
- तह कायम/तह वृद्धि/स्तर वृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति तह कायम/तह वृद्धि/स्तर वृद्धिको प्रमाणित प्रतिलिपि ।
- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम जैमिनी नगरपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि र पदस्थापनाको प्रमाणित प्रतिलिपि ।
- अद्यावधिक कर्मचारीको विवरण [ PIS]

**पुनश्च:**

सेवा अवधि गणना गर्दा समायोजन हुनुपूर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ति भई कार्य गरेको अवधि समेतलाई गणना गरिनेछ ।

* अनिवार्य रुपमा पेश गर्नु पर्ने ।

२०८१/३/४
हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत